जोन भित्रका बाली बस्तुहरूको

मूल्य श्रृंखला अध्ययन/विश्लेषण

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, रामेछाप

दुई शब्द

नेपालको कृषि क्षेत्रलाई व्यवसायिक, प्रतिस्पर्धी तथा बजारमुखी बनाउने उद्देश्यले कृषि उत्पादनको सम्पूर्ण प्रक्रिया, उत्पादनदेखि उपभोक्तासम्मको प्रवाह, सरोकारवालाहरूको भूमिका तथा मूल्य अभिवृद्धिका अवसरहरूको अध्ययन गर्नु अत्यन्त आवश्यक रहेको छ। यसै सन्दर्भमा तयार गरिएको **"जोन भित्रका बाली/बस्तुहरूको मूल्य शृंखला अध्ययन/विश्लेषण"** प्रकाशन कृषि क्षेत्रका नीति निर्माता, योजनाकार, प्राविधिक, अनुसन्धानकर्ता, सहकारी संस्था, निजी क्षेत्र तथा कृषक समुदायका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएको छु।

यस अध्ययनमा रामेछाप र दोलखा जिल्लाका आलु तथा किवी जोन र रामेछाप जिल्लाको बाख्रा जोनका प्रमुख बाली तथा वस्तुहरूको उत्पादन, संकलन, प्रशोधन, ढुवानी, बजारीकरण, मूल्य अभिवृद्धि, सरोकारवालाहरूको भूमिका, लागत तथा लाभको अवस्था, बजार संरचना, अवसर, चुनौती तथा सुधारका सम्भावित क्षेत्रहरूको वस्तुगत विश्लेषण गरिएको छ। अध्ययनबाट प्राप्त निष्कर्ष तथा सिफारिसहरूले सम्बन्धित जोनहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, कृषकको आय वृद्धि गर्न तथा दिगो कृषि विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

यस अध्ययन कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनुहुने सम्बन्धित स्थानीय तह, कृषक, कृषक समूह तथा सहकारी संस्था, व्यापारी, सरोकारवाला निकाय, प्राविधिक कर्मचारी, विज्ञ तथा अध्ययन टोलीप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै अध्ययन प्रतिवेदनलाई पुस्तकका रूपमा प्रकाशन गर्न योगदान पुर्‍याउने सम्पूर्ण व्यक्तिहरूप्रति समेत धन्यवाद ज्ञापन गर्दछु।

यस प्रकाशनमा समावेश सुझावहरूलाई आगामी योजना निर्माण, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका क्रममा उपयोग गरी सम्बन्धित जोनहरूको समग्र विकासमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। यस पुस्तकलाई अझ परिस्कृत बनाउन प्राप्त हुने रचनात्मक सुझावहरूलाई आगामी संस्करणमा समेट्ने प्रतिबद्धता व्यक्त गर्दै यो प्रकाशन सबै पाठक तथा सरोकारवालाहरू समक्ष समर्पण गर्दछु।

राजन परियार

वरिष्ठ कृषि अधिकृत

विषयसुची

क्र.सं.	विषय	पेज नं
१	मूल्य शृंखलाको अवधारणा	१
२	रामेछाप र दोलखाजिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको प्रारूप	३
३	जोन क्षेत्र भित्रका बाली/बस्तुहरुको मूल्य शृंखला अध्ययन तथा विश्लेषण विधि	६
४	रामेछाप र दोलखा जिल्लामा कृषि र पशुपालनको अवस्था	८
५	जोन क्षेत्रका बालीहरुको लाभलागत अध्ययन (आलु/जुनार/किवी)	११
६	दोलखा जिल्लाको आलु बालीको मूल्य शृंखला अध्ययन तथा विश्लेषण	१४
७	रामेछाप जिल्लाको आलु बालीको मूल्य शृंखला अध्ययन तथा विश्लेषण	१७
८	रामेछापमा बाख्रापालनको मूल्य शृंखला अध्ययन तथा विश्लेषण	२०
९	रामेछाप जिल्लामा जुनारको मूल्य शृंखला अध्ययन तथा विश्लेषण	२२
अनुसूचीहरु		
१	दोलखा जिल्लाको आलु बालीको मूल्य शृंखलाको अध्ययनको मुख्य तत्वहरुको प्रस्तुतिकरण	२६
२	रामेछाप जिल्लाको जुनार बालीको मुख्य शृंखला अध्ययनको मुख्य तत्वहरुको प्रस्तुतिकरण	२७
३	किवी बालीको मूल्य शृंखला अध्ययनको मुख्य तत्वहरुको प्रस्तुतिकरण	२८
४	बाख्राको मूल्य शृंखला अध्ययनको मुख्य तत्वहरुको प्रस्तुतिकरण	२९
५	मूल्य शृंखला अध्ययन/विश्लेषण अध्ययन गर्दा प्रयोग भएको नमुना प्रश्नावली	३०
६	तस्बिरहरु	३७

१. मूल्य शृंखलाको अवधारणा

परिचय

मूल्य शृंखला (VALUE CHAIN) भनेको कुनै कृषि वा पशुजन्य उत्पादन उत्पादनका लागि आवश्यक सामग्रीको आपूर्तिदेखि अन्तिम उपभोक्तासम्म पुग्ने सम्पूर्ण प्रक्रियामा संलग्न सबै व्यक्ति, संस्था र गतिविधिहरूको यस्तो क्रमबद्ध प्रणाली हो, जसले प्रत्येक चरणमा उत्पादनको मूल्य (value) थप्दै लैजान्छ।

सरल भाषामा भन्नुपर्दा, किसानले उत्पादन गरेको वस्तु बजारमा पुगेर उपभोक्ताले खरिद गर्ने बेलासम्म त्यसमा हुने उत्पादन, संकलन, ग्रेडिङ, प्याकेजिङ, भण्डारण, ढुवानी, प्रशोधन, बजारीकरण तथा बिक्री जस्ता सबै गतिविधिको समष्टिलाई मूल्य शृंखला भनिन्छ।

उदाहरणका लागि, रामेछापको जुनार बगैंचाबाट टिपिएपछि ग्रेडिङ, प्याकिङ, ढुवानी, थोक बजार, खुद्रा पसल हुँदै उपभोक्तासम्म पुग्छ। यस क्रममा प्रत्येक चरणमा यसको मूल्य बढ्दै जान्छ। यही सम्पूर्ण प्रक्रिया जुनारको मूल्य शृंखला हो।

कृषि क्षेत्रमा मूल्य शृंखलाको अवधारणा

कृषिमा मूल्य शृंखलाले केवल उत्पादन मात्र होइन, बजारमुखी उत्पादन, आय अभिवृद्धि, रोजगारी सिर्जना, प्रतिस्पर्धात्मक क्षमता वृद्धि र दिगो कृषि विकासलाई जोड दिन्छ।

मूल्य शृंखलामा मुख्य सहभागीहरू (Actors) निम्न छन्:

- कृषि सामग्री आपूर्तिकर्ता
- किसान
- किसान समूह/सहकारी
- संकलनकर्ता
- प्रशोधन उद्योग
- थोक व्यापारी
- खुद्रा व्यापारी
- उपभोक्ता
- सेवा प्रदायक संस्था (बैंक, बीमा, सरकारी निकाय, अनुसन्धान संस्था)

कृषि क्षेत्रमा मूल्य शृंखलाको आवश्यकता

नेपालजस्तो कृषि प्रधान मुलुकमा मूल्य शृंखला विकास अत्यन्त आवश्यक छ। यसको प्रमुख आवश्यकता निम्नानुसार छः

१. कृषकको आम्दानी वृद्धिउत्पादनलाई गुणस्तरीय बनाई उचित मूल्य प्राप्त गर्न सहयोग गर्छ।

२. बजार सुनिश्चितता
उत्पादन र बजारबीचको सम्बन्धलाई मजबुत बनाउँछ।

३. रोजगारी सिर्जना
उत्पादन मात्र होइन, संकलन, प्रशोधन, प्याकेजिङ र ढुवानीमा समेत रोजगारी सिर्जना हुन्छ।

४. उत्पादनको गुणस्तर सुधार
ग्रेडिङ, प्याकेजिङ र गुणस्तर मापदण्ड अपनाउन प्रेरित गर्छ।

५. उत्पादनमा मूल्य अभिवृद्धि (Value Addition)
कच्चा उत्पादनभन्दा प्रशोधित उत्पादनले बढी मूल्य प्राप्त गर्छ।

६. नोक्सानी न्यूनीकरण
उचित भण्डारण र प्रशोधनले कटानीपछिको क्षति कम गर्छ।

७. निर्यात प्रवर्द्धन
अन्तर्राष्ट्रिय गुणस्तर पूरा गर्न सहयोग पुग्छ।

८. कृषि व्यवसायीकरण
निर्वाहमुखी खेतीलाई व्यवसायिक खेतीमा रूपान्तरण गर्न सहयोग गर्छ।

मूल्य शृंखलाको चित्र

कृषि सामग्री आपूर्तिकर्ता
↓
किसान/उत्पादक
↓
संकलन तथा प्राथमिक प्रशोधन
↓
ग्रेडिङ तथा प्याकेजिङ
↓
भण्डारण तथा ढुवानी
↓
थोक व्यापारी/प्रशोधन
↓
खुद्रा व्यापारी
↓
उपभोक्ता

सहयोगी योगी संस्थाहरू (सम्पूर्ण चरणमा):

- कृषि ज्ञान केन्द्र
- NAMP
- NARC
- स्थानीय तह
- सहकारी
- बैंक तथा वित्तीय संस्था
- बीमा कम्पनी
- कृषि सामग्री कम्पनी
- निजी क्षेत्र

मूल्य शृंखला र आपूर्ति शृंखला (Supply Chain) बीचको भिन्नता

आधार	मूल्य शृंखला (Value Chain)	आपूर्ति शृंखला (Supply Chain)
मुख्य उद्देश्य	उत्पादनको मूल्य अभिवृद्धि गर्ने	उत्पादनलाई समयमै बजारसम्म पुर्‍याउने
केन्द्रबिन्दु	गुणस्तर, मूल्य वृद्धि र प्रतिस्पर्धात्मकता	वस्तुको प्रवाह र वितरण
प्राथमिकता	मूल्य थप्ने गतिविधि	आपूर्ति व्यवस्थापन
सहभागी	किसानदेखि उपभोक्तासम्म सबै	उत्पादन, गोदाम, ढुवानी र बिक्री
प्रशोधन	महत्वपूर्ण भाग	आवश्यक परे मात्र
बजार विश्लेषण	समावेश हुन्छ	सामान्यतया समावेश हुँदैन
उपभोक्ता आवश्यकता	विशेष महत्व दिइन्छ	सीमित महत्व
नाफा वृद्धि	प्रमुख उद्देश्य	लागत घटाउने उद्देश्य बढी

निष्कर्ष

आपूर्ति शृंखलाले (Supply Chain) वस्तु एक स्थानबाट अर्को स्थानसम्म कुशलतापूर्वक पुर्‍याउने कार्यमा जोड दिन्छ भने मूल्य शृंखलाले (Value Chain) प्रत्येक चरणमा उत्पादनको गुणस्तर, मूल्य अभिवृद्धि, बजार प्रतिस्पर्धा र कृषकको आम्दानी बढाउने सम्पूर्ण प्रणालीमा जोड दिन्छ। कृषि विकासका आधुनिक कार्यक्रमहरूमा यी दुवै अवधारणा परस्पर पूरक भए पनि मूल्य शृंखला दीर्घकालीन कृषि व्यवसायीकरण र आर्थिक विकासका लागि बढी व्यापक दृष्टिकोण मानिन्छ।

२. रामेछाप र दोलखा जिल्लामा राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमको स्वरुप र प्रकृति

निर्वाहमुखी कृषि क्षेत्रलाई व्यवसायिक, प्रतिस्पर्धी र सम्मानजनक व्यवसायको रुपमा विकास गरी रोजगारीको अवसर सिर्जना र देशको समग्र अर्थतन्त्रलाई थप चलायमान बनाउनु आजको आवश्यकता हो। कृषि पेशालाई व्यवसायिक र औद्योगिकरणमा रुपान्तरित गर्दै गरिबी न्युनिकरणको राष्ट्रिय लक्ष्य पुरा गर्नका लागि सबै क्षेत्रले जोड दिनुपर्ने देखिन्छ। खाद्यान्न र उच्चमूल्य पर्ने नगदे बालीहरुको क्षेत्रफल उत्पादन र उत्पादकत्व आवश्यकता अनुरुप बृद्धि हुन नसक्नुले कृषि बस्तुहरुको आयातमा दिनानुदिन बढोत्तरी हुदै गईरहेको र निर्यातको आयतन खुम्चदै जादाँ देशको कुल व्यापार घाटा असन्तुलित रुपमा बढी रहेको छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि उत्पादनको लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था गर्ने बाली बस्तु उत्पादनमा यान्त्रिकरण गर्ने प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउने देशका विभिन्न क्षेत्रहरुलाई विशिष्टिकृत बालीहरुको लागि विशिष्टिकृत क्षेत्र तोकी बालीको व्यवसायिकरण विविधिकरण र आधुनिकिकरण मार्फत आर्थिक विकास गर्ने उदेश्यका साथ देशका ७७ वटै जिल्ला, ७ वटा प्रदेश र ७५३ वटै स्थानीय तहहरुमा संघीय सरकार अन्तर्गत जोन/सुपरजोन विकास कार्यक्रम, प्रदेश सरकार अन्तर्गत

ब्लक विकास कार्यक्रम र स्थानीय तह अन्तर्गत पकेट विकास कार्यक्रम सञ्चालन रहेकोमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन एकाइ,मन्थली, रामेछाप आ.व.२०७६/०७७ मा स्थापना भई रामेछाप जिल्लाका विभिन्न क्षेत्रहरुमा जुनार/आलु/बाख्रा जोन विकास कार्यक्रमहरु सक्रिय रुपमा कार्यान्वयनमा रहेको छ।

जुनार जोन क्षेत्र रामेछाप नगरपालिका वडा नं. १,२,४,५,६,७,८ र मन्थली नगरपालिका वडा नं. ४,५,६,९,१३ र १४ लाई कायम गरिएको छ । आ.व. २०८२/८३ देखि जुनार जोन क्षेत्रमा लिखुतामाकोशी गा.पा. वडा नं ३, ४, ५, ६, ७ समेत समेटिएको छ। आलु जोन रामेछापको कार्यक्षेत्रमा उमाकुण्ड गाउँपालिका वडा नं. १,२,३,४,५,६ र ७ र गोकुलगंगा गाउँपालिका वडा नं. १,२,३,४,५ र ६ वडाहरु पर्दछन। बाख्रा जोनको कार्यक्षेत्र मन्थली नगरपालिका वडा नं. १,२,३,५,७,८,९,१०,११,१२ र १३ खाँडादेवी गाँउपालिकाका १, २, ३, ४, ५, ६, ७, ८, ९ सुनापती १, २, ३, ४, ५ रहेको छ।

दोलखा जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

दोलखा जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाइ अन्तर्गत किवी जोन र आलु जोन संचालनमा रहेका छन्। किवी जोनको स्थापना आ.व. २०७५/७६ मा भएको हो। किवी खेतीमा संलग्नकृषकहरूमाझ अन्य सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै प्रविधि विस्तार गर्ने मुख्य दायित्वका साथ यस कार्यालयको स्थापना भएको हो। किवी जोन कार्यक्षेत्र भीमेश्वर नगरपालिका वडा नं. १, ६, ७, ८, र ९, जिरी नगरपालिका वडा नं. २, ४, ६ र ७, शैलुङ गा.पा. वडा नं. ३, ४, ५, ६, ७ र ८, गौरीशंकर गा.पा. वडा नं. १, ३ र ४, विगु गा.पा. वडा नं. ३ र ४ र कालिन्चोक गा.पा. वडा नं. ६ र ९ रहेका छन्। आ.व. २०८२/८३ देखि किवी जोन विस्तार भइ रामेछाप जिल्लाको गोकुलगङ्गा गा.पा. वडा नं १ देखि ६ सम्म समेटेको छ।

आलु जोनको स्थापना आ.व. २०७८/७९ मा भएको हो। आलु जोनको कार्यक्षेत्र भीमेश्वर नगरपालिका वडा नं. ९ र शैलुङ गा.पा. वडा नं. १, ३, ६ र ८ रहेका छन्। आ.व. २०८०/८१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, दोलखा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रामेछापमा गाभिएर दोलखामा जोन प्राविधिक एकाइ रहेको छ।यस कार्यालय, भीमेश्वर नगरपालिका वडा नं. ३ चरिकोटमा रहेको छ।



रामेछाप जिल्लाको नक्शा सुपरजोन/जोन अनुसार





दोलखामा किवी जोन र आलु जोनको कमाण्ड क्षेत्र

३. जोन क्षेत्र भित्रका बाली/बस्तुहरुको मूल्य शृंखला अध्ययन तथा विश्लेषण विधि

अध्ययनको उद्देश्य

यस मूल्य शृङ्खला अध्ययनको मुख्य उद्देश्य रामेछाप जिल्लामा बाख्रा उत्पादनदेखि अन्तिम उपभोक्तासम्मको सम्पूर्ण मूल्य शृङ्खलाको विश्लेषण गरी मूल्य अभिवृद्धिका अवसर, प्रमुख समस्या तथा सुधारका सम्भावनाहरू पहिचान गर्नु हो।

यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. रामेछाप जिल्लामा बाख्रा उत्पादन, संकलन, ढुवानी, प्रशोधन, बजारीकरण तथा उपभोगसम्मको मूल्य शृङ्खला (Value Chain) को नक्साङ्कन (Mapping) गर्नु।

२. मूल्य शृङ्खलामा संलग्न प्रमुख सरोकारवालाहरू (किसान, सहकारी, व्यापारी, सेवा प्रदायक, सरकारी निकाय तथा उपभोक्ता) को भूमिका तथा आपसी सम्बन्धको विश्लेषण गर्नु।

३. उत्पादनदेखि बजारसम्म प्रत्येक चरणमा हुने मूल्य अभिवृद्धि (Value Addition) तथा बजार मार्जिनको अध्ययन गर्नु।

४. मूल्य शृङ्खलामा रहेका प्राविधिक, संस्थागत, आर्थिक तथा बजारसम्बन्धी समस्या तथा अवरोधहरू पहिचान गर्नु।

५. मूल्य शृङ्खलाको SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण गर्नु।

६. बाख्रा व्यवसायको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न आवश्यक रणनीति तथा नीतिगत सुझावहरू प्रस्तुत गर्नु।

अध्ययनमा अपनाइएको विधि

यस अध्ययनमा **वर्णनात्मक (Descriptive)** तथा **विश्लेषणात्मक (Analytical)** अनुसन्धान विधि अवलम्बन गरिएको छ। अध्ययनका लागि प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क प्रयोग गरिएको छ।

१. अध्ययन क्षेत्र:

अध्ययन रामेछाप जिल्लाका आलु, जुनार, बाख्रा र किवी जोन लागु भएका स्थानीय तहहरु र दोलखा जिल्लाका आलु जोन र किवी जोन लागु भएका स्थानीय तह रहेका छन् ।आवश्यकताअनुसार व्यावसायिक बाख्रापालन गर्ने किसान, कृषक समूह, सहकारी, स्थानीय व्यापारी तथा सम्बन्धित सरकारी निकायहरूलाई अध्ययनमा समावेश गरिएको छ।

२. तथ्याङ्कका स्रोत

प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क निम्न माध्यमबाट सङ्कलन गरिएको छ।

- अर्ध—संरचित प्रश्नावली (Semi-structured Questionnaire)
- किसानसँग प्रत्यक्ष अन्तर्वार्ता
- प्रमुख जानकारीदातासँग अन्तर्वार्ता (Key Informant Interview)
- समूह छलफल (Focus Group Discussion)
- स्थलगत अवलोकन (Field Observation)

ख) द्वितीयक तथ्याङ्क

द्वितीयक तथ्याङ्क निम्न स्रोतहरूबाट सङ्कलन गरिएको छ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रकाशनहरू
- कृषि ज्ञान केन्द्र रामेछाप
- पशु सेवा कार्यालय तथा स्थानीय तहका प्रतिवेदनहरू
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रतिवेदनहरू
- राष्ट्रिय तथ्याङ्क कार्यालय तथा अन्य सरकारी प्रकाशनहरू
- अनुसन्धान लेख, जर्नल तथा प्रकाशित प्रतिवेदनहरू

३. नमूना छनोट :

अध्ययनमा उद्देश्यपरक नमूना छनोट (Purposive Sampling) विधि प्रयोग गरी सम्बन्धित हरेक बाली संग सम्बन्धित ५० जना बाली/बस्तु खेती/पालन गर्ने कृषक, कृषक समूह, सहकारी, व्यापारी, कृषि प्राविधिकहरु, पशु स्वास्थ्यकर्मी तथा सम्बन्धित सरोकारवालाहरूलाई समावेश गरिएको छ।

४. तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्याङ्कलाई Microsoft Excel मा प्रविष्ट गरी विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा निम्न विधिहरू प्रयोग गरिएको छः

- वर्णनात्मक तथ्याङ्क (औसत, प्रतिशत, तालिका तथा चित्र)
- मूल्य शृङ्खला नक्साङ्कन (Value Chain Mapping)
- मूल्य अभिवृद्धि (Value Addition) विश्लेषण
- बजार मार्जिन (Marketing Margin) विश्लेषण
- सरोकारवाला (Actor) विश्लेषण
- SWOT विश्लेषण

५. अध्ययनका सीमाहरू

- अध्ययनका निष्कर्षहरू सर्वेक्षणको समयमा उपलब्ध तथ्याङ्कमा आधारित छन्।
- केही आर्थिक तथा बजारसम्बन्धी तथ्याङ्क उत्तरदाताको स्मरणशक्तिमा आधारित भएकाले सामान्य भिन्नता हुन सक्छ।
- बजार मूल्य मौसम, माग—आपूर्ति तथा स्थानअनुसार परिवर्तनशील हुने भएकाले प्रस्तुत मूल्यहरू प्रतिनिधिमूलक (Indicative) रूपमा प्रयोग गरिएको छ।

अध्ययनको अपेक्षित उपलब्धि

यस अध्ययनबाट रामेछाप र दोलखा जिल्लाको विभिन्न बाली/बस्तुहरुको मूल्य शृङ्खलाको वर्तमान अवस्था, प्रमुख समस्या, अवसर तथा सुधारका रणनीतिहरू स्पष्ट हुने अपेक्षा गरिएको छ। अध्ययनका निष्कर्षहरू स्थानीय तह, सरकारी निकाय, सहकारी संस्था, निजी क्षेत्र तथा विकास साझेदार संस्थाहरूलाई बाख्रा, जुनार, आलु र किवी जोन सम्बन्धि योजना निर्माण, लगानी प्राथमिकता निर्धारण तथा मूल्य अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न उपयोगी आधार प्रदान गर्नेछन्।

४. रामेछाप र दोलखामा कृषि (आलु, जुनार र किवी) र पशुपालन(बाख्रा) को अवस्था

रामेछाप जिल्ला र दोलखामा किवीको अवस्था

रामेछाप जिल्ला नेपालको किवी उत्पादनका लागि उदीयमान जिल्लामध्ये एक हो। जिल्लाको १,२००—२,२०० मिटर उचाइका क्षेत्रहरू, विशेषगरी उमाकुण्ड, गोकुलगंगा र दोरम्बा शैलुङ गाउँपालिकाका विभिन्न स्थानहरू किवी खेतीका लागि उपयुक्त मानिन्छन्। त्यसैगरी, विशेषगरी भीमेश्वर, कालिन्चोक, जिरी, शैलुङ, विगु तथा गौरीशंकर गाउँपालिकाहरुमा पछिल्ला वर्षहरूमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (PMAMP), कृषि ज्ञान केन्द्र तथा स्थानीय तहबाट बिरुवा वितरण, ट्रेलिस निर्माण, तालिम तथा प्राविधिक सहयोगका कारण व्यावसायिक किवी खेती विस्तार हुँदै गएको छ।

हाल जिल्लामा विशेषतः ४ जातको किवी खेति गरिन्छः हेवार्ड, एलिसन, मोन्टी र अधिकांश कृषकले 'Hayward'जातलाई मुख्य उत्पादन जातका रूपमा तथा 'Tomuri' वा 'Matua' लाई परागसेचक (Pollinizer) का रूपमा प्रयोग गरिरहेका छन्। उत्पादन विस्तार भए पनि गुणस्तरीय बिरुवा, बगैंचा व्यवस्थापन, छाँटाइ, परागसेचन व्यवस्थापन, सिँचाइ, शीत भण्डारण तथा प्रशोधनको अभाव प्रमुख चुनौतीका रूपमा रहेका छन्। बजारको माग बढ्दो भए पनि किसानले प्रत्यक्ष बजार पहुँच नपाउँदा बिचौलियामा निर्भर रहनुपरेको अवस्था छ। पछिल्ला वर्षहरूमा किवी खेती तीव्र रूपमा विस्तार भएको छ र धेरै कृषकले परम्परागत खेतीबाट व्यावसायिक फलफूल खेतीतर्फ रूपान्तरण गरेका छन्। बजारमा दोलखाको किवीको गुणस्तर राम्रो मानिन्छ। अझ भनौ किवीफल दोलखा जिल्लाको चिनारीको रुपमा नै स्थापित भएको छ। तथापि, उत्पादनपछि ग्रेडिङ,

प्याकेजिङ, ब्रान्डिङ, शीत भण्डारण तथा प्रशोधन उद्योगको अभावका कारण किसानले अपेक्षित मूल्य प्राप्त गर्न सकेका छैनन्। सहकारी र निजी क्षेत्रको सहभागिता बढ्दै गए पनि मूल्य शृंखला अझ सुदृढ गर्न आवश्यक छ।

रामेछाप र दोलखा जिल्लामा आलुको अवस्था

रामेछापमा आलु प्रमुख नगदे बालीमध्ये एक हो। आलु वर्षमा एक सिजन देखि लिएर तीन सिजन सम्म खेती गर्न सकिन्छ। तर दोलखा र रामेछाप जिल्लाका आलु भनेर विशेषगरी हामी लेकाली आलु/ बर्खे आलु भनेर समेत चिनिन्छ। समुद्री सतहदेखि करिब १,५००—३,००० मिटर उचाइसम्मका क्षेत्रहरू आलु उत्पादनका लागि उपयुक्त छन्। विशेषगरी रामेछापको गोकुलगंगा, उमाकुण्ड, खाँडादेवी, लिखु तामाकोशी र दोरम्बा शैलुङ गाउँपालिकामा व्यावसायिक आलु खेती गरिन्छ। त्यसैगरी दोलखामा भने जिरी, गौरीशंकर, बिगु, कालिन्चोक तथा शैलुङ क्षेत्रहरू उच्च गुणस्तरको आलु उत्पादनका लागि परिचित छन्। यस क्षेत्रमा विशेष गरी रोजिटा जातको आलु खेती गरिन्छ। ऐजेरुलाग्ने मुख्य समस्या रही आएतापनि स्वाद र गुणस्तरको हिसाबले सेतो किसिमको यस आलुलाई "मुडेको आलु" भनेर बजारमा उपलब्ध भएको देख्न सकिन्छ।

जिल्लामा स्थानीय जातसँगै 'Kufri Jyoti', 'Kufri Sindhuri', 'Janakdev', 'Khumal Seto', 'Khumal Rato' लगायतका उन्नत जातहरूको खेती बढ्दै गएको छ। अधिकांश उत्पादन काठमाडौं, भक्तपुर र काभ्रेका बजारमा बिक्री हुने गर्दछ। गुणस्तरीय बीउको अभाव, भण्डारण सुविधा नहुनु, आलुमा लाग्ने रोग—कीरा तथा मूल्यको उतारचढाव प्रमुख समस्याहरू हुन्। तर, उच्च पहाडी क्षेत्रको गुणस्तरीय आलुको माग निरन्तर बढिरहेकाले व्यावसायिक विस्तारको राम्रो सम्भावना देखिन्छ। उत्पादन क्षमता राम्रो भए पनि बीउ उत्पादन प्रणाली कमजोर हुनु, आधुनिक भण्डारणको कमी, प्रशोधन उद्योगको अभाव तथा बजार मूल्यमा अस्थिरता प्रमुख चुनौती हुन्। यद्यपि गुणस्तरीय बीउ उत्पादन, चिस्यान केन्द्र स्थापना तथा किसान समूहमार्फत सामूहिक बजारीकरण गर्न सके आलुको मूल्य शृंखला अझ बलियो बन्न सक्छ।

रामेछाप जिल्लामा जुनारको अवस्था

रामेछाप जिल्ला नेपालको जुनार उत्पादनका लागि सबैभन्दा प्रसिद्ध जिल्लामध्ये एक हो। विशेषगरी मन्थली, रामेछाप नगरपालिका र लिखु तामाकोशी गाउँपालिकाका मध्य पहाडी क्षेत्रहरू जुनार उत्पादनका लागि अनुकूल छन्।

रामेछापको जुनार स्वाद, रसिलोपन तथा गुणस्तरका कारण राष्ट्रिय बजारमा लोकप्रिय छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जुनार सुपरजोन सञ्चालन भएपछि बगैंचा व्यवस्थापन, उत्पादन वृद्धि, प्याकेजिङ तथा बजारीकरणमा सकारात्मक सुधार भएको छ। तथापि बगैंचाको उमेर बढ्दै जानु, सिट्रस ग्रिनिङ (HLB) लगायतका रोग, बगैंचा पुनर्स्थापना, आधुनिक प्याकेजिङ तथा प्रशोधन उद्योगको अभाव प्रमुख चुनौतीका रूपमा रहेका छन्। ताजा फलका अतिरिक्त जुस, स्क्वास, मर्मलेड तथा अन्य प्रशोधित उत्पादनमार्फत मूल्य अभिवृद्धिको ठूलो सम्भावना रहेको छ।

रामेछाप जिल्लामा बाख्रापालनको अवस्था

रामेछापमा बाख्रापालन ग्रामीण जीविकोपार्जनको प्रमुख आधार हो। अधिकांश कृषकले कृषि प्रणालीसँग एकीकृत रूपमा बाख्रापालन गर्दै आएका छन्। खाँडादेवी, दोरम्बा शैलुङ, गोकुलगंगा, उमाकुण्ड तथा लिखु तामाकोशी क्षेत्रमा व्यावसायिक बाख्रापालन विस्तार हुँदै गएको छ। स्थानीय खसी—बोका तथा बोयर (Boer), जमुनापारी (Jamunapari) जस्ता उन्नत जातसँग क्रस प्रजनन गर्ने अभ्यास बढ्दो छ। दशैं, तिहार तथा अन्य चाडपर्वमा खसीबोकाको उच्च माग रहने भएकाले बजार राम्रो छ। यद्यपि गुणस्तरीय प्रजनन सेवा, सन्तुलित आहार, रोग नियन्त्रण, बीमा, आधुनिक फार्म व्यवस्थापन तथा संगठित बजार प्रणाली अझै पर्याप्त विकसित हुन सकेको छैन। सुधारिएको जात, घाँस उत्पादन, पशु स्वास्थ्य सेवा तथा संगठित संकलन प्रणालीको विकास गर्न सके बाख्रापालनलाई उच्च आयआर्जन गर्ने व्यवसायका रूपमा विकास गर्न सकिन्छ।

तथ्यांकमा रामेछाप र दोलखा जिल्लाका आलु र किवी, रामेछापको जुनार र बाख्राः

क्र.सं.	बालीको नाम	परिमाण (हेक्टर/वटा)	उत्पादन (मेट्रिक टन)	उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर)	राष्ट्रिय उत्पादकत्व	आयात (मेट्रिक टन)	निर्यात (मेट्रिक टन)
१.	सुन्तलाजात फलफुल	९००	९०००	११	१०.०३	१००	३०००
२.	आलु	३२९०	५५९३०	१७	१७.३३		५७००
३.	बाख्रा	१७००००	९००	२०-४० केजी वटा/प्रति वर्ष		०	१७०

(नोटः तथ्यांकहरु विभिन्न श्रोतबाट र उत्पादकत्व कार्यालयको क्रप कटिंगको माध्यमबाट लिईएको हो।)

समग्र निष्कर्ष

रामेछाप र दोलखा दुवै जिल्लामा किवी र आलु, तथा रामेछापमा जुनार र बाख्रापालन उच्च व्यावसायिक सम्भावना भएका क्षेत्र हुन्। उत्पादन वृद्धि मात्र नभई बीउ/बिरुवा गुणस्तर सुधार, उत्पादन प्रविधि, कटानीपछिको व्यवस्थापन, शीत भण्डारण, प्रशोधन, ब्रान्डिङ, सामूहिक बजारीकरण तथा निजी क्षेत्रको लगानी विस्तार गर्न सके यी मूल्य शृंखलाहरूले कृषकको आय, रोजगारी र स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउन सक्छन्। यी चारवटै क्षेत्रका लागि मूल्य शृंखला आधारित विकास रणनीति अपनाउनु दिगो कृषि व्यवसायीकरणको महत्वपूर्ण आधार हुनेछ।

५. जोन क्षेत्रका बालीहरुको लाभ-लागत अध्ययन (आलु/जुनार/किवी)

रामेछाप र दोलखा जिल्लाको आलु बालीको लाभ-लागत अध्ययन विवरण

क्र.सं.	लागत/आम्दानी शीर्षक	रकम (रु.)/हेक्टर	प्रति रोपनी
A. परिवर्तनीय लागत (Variable Cost)			
१	जग्गा तयारी	५५,०००.००	
२	बीउ आलु	१८०,०००.००	
३	मल तथा सूक्ष्म पोषक तत्त्व	६८,५००.००	
४	विषादी तथा रोग—कीरा व्यवस्थापन	१६,०००.००	
५	रोपाइँ तथा गोडमेल श्रम	८२,५००.००	
६	सिँचाइ तथा अन्य व्यवस्थापन	१२,५००.००	
७	कटानी, ग्रेडिङ तथा ढुवानी	५०,४२९.६०	
कुल उत्पादन लागत		**४९४,९२९.६०**	२५,२५०.००
B. आम्दानी (Returns)			
८.	उत्पादन (प्रति हेक्टर) के.जी.	२५०००	१,२७५.००
९	औसत बिक्री मूल्य (रु./के.जी.)	३८	३८.००
कुल आम्दानी (Gross Return)		**९५०,०००.००**	४८,४५०.००
C. आर्थिक विश्लेषण			
१०	खुद नाफा (Net Return)	**४५५,०७०.४०**	२३,२००.००
११	लाभ—लागत अनुपात (B:C Ratio)	**१.९१**	≈१.९१

जुनारको विरुवा रोपणको दश वर्षसम्म अवधिको खर्च विवरण (संक्षिप्त) (प्रति हे.)

वर्ष	मानव श्रम (रु.)	मल तथा विषादी (रु.)	सिँचाइ तथा व्यवस्थापन (रु.)	बगैंचा मर्मत/ काँटछाँट (रु.)	अन्य सञ्चालन खर्च (रु.)	कुल लागत (रु./हे.)
१	४९,०००	४६,०००	१०,५००	४,०००	१०,७६९	**१२०,२६९**
२	५४,०००	४९,५००	११,५००	५,०००	१२,२९६	**१३२,२९६**
३	५९,०००	५४,०००	१२,५००	६,०००	१४,०२६	**१४५,५२६**

वर्ष	मानव श्रम (रु.)	मल तथा विषादी (रु.)	सिँचाइ तथा व्यवस्थापन (रु.)	बगैंचा मर्मत/ काँटछाँट (रु.)	अन्य सञ्चालन खर्च (रु.)	कुल लागत (रु./हे.)
४	६५,०००	५८,५००	१३,५००	७,०००	१६,०७८	**१६०,०७८**
५	७१,०००	६४,०००	१५,०००	८,०००	१८,०८६	**१७६,०८६**
६	७८,०००	७०,०००	१६,५००	९,०००	२०,१९५	**१९३,६९५**
७	८६,०००	७७,०००	१८,०००	१०,०००	२२,०६४	**२१३,०६४**
८	९५,०००	८४,५००	१९,५००	११,०००	२४,३७०	**२३४,३७०**
९	१०५,०००	९३,०००	२१,०००	१२,०००	२६,८०७	**२५७,८०७**
१०	११६,०००	१०२,०००	२३,०००	१३,०००	२९,५८८	**२८३,५८८**

जुनार बालीको १० वर्ष सम्मको लाभ-लागत विवरण (संक्षिप्त)

वर्ष	उत्पादन (के. जी./बोट)	उत्पादन (के. जी./हे.)	कुल आम्दानी (रु.)	कुल लागत (रु.)	खुद नाफा (रु.)	B:C Ratio
१	०	०	०	१२०,२६९.०६	-१२०,२६९.०६	०
२	०	०	०	१३२,२९५.९६	-१३२,२९५.९६	०
३	५	२,०००	१२०,०००	१४५,५२५.५६	-२५,५२५.५६	०.८२
४	१०	४,०००	२४०,०००	१६०,०७८.११	७९,९२१.८९	१.५
५	१५	६,०००	३६०,०००	१७६,०८५.९२	१८३,९१४.०८	२.०४
६	२०	८,०००	४८०,०००	१९३,६९४.५२	२८६,३०५.४८	२.४८
७	२५	१०,०००	६००,०००	२१३,०६३.९७	३८६,९३६.०३	२.८२
८	२८	११,२००	६७२,०००	२३४,३७०.३७	४३७,६२९.६३	२.८७
९	३०	१२,०००	७२०,०००	२५७,८०७.४०	४६२,१९२.६०	२.७९
१०	३०	१२,०००	७२०,०००	२८३,५८८.१४	४३६,४११.८६	२.५४

किवी बालीको १० वर्षसम्मको खर्च विवरण (दोलखा/रामेछाप)

वर्ष	मानव श्रम	मल तथा सूक्ष्म पोषक	रोग व्यवस्थापन	सिंचाइ	काँटछाँट/ तालिम	कटानी/ ग्रेडिङ/ ढुवानी	अन्य चालु खर्च	जम्मा चालु खर्च	जग्गा तयारी, ट्रेलिस, पोल, तार, बिरुवा, ड्रिप आदि	मर्मत/ प्रतिस्थापन	जम्मा पुँजीगत खर्च	कुल खर्च
१	९०,०००	४२,०००	१५,०००	१८,०००	२०,०००	—	८२,२५०	**२६७,२५०**	१,९००,०००	५०,०००	**१,९५०,०००**	**२,२१७,२५०**
२	९५,०००	४५,०००	१६,०००	२०,०००	२५,०००	—	५८,१९७	**२५९,१९७**	७६०,०००	४०,०००	**८००,०००**	**१,०५९,१९७**
३	५५,०००	२८,०००	१२,०००	१५,०००	१८,०००	५,०००	९,८९९	**१४२,८९९**	—	२०,०००	**२०,०००**	**१६२,८९९**
४	६२,०००	३३,०००	१४,०००	१७,०००	२०,०००	६,०००	८,००६	**१६०,००६**	—	२०,०००	**२०,०००**	**१८०,००६**
५	७०,०००	३८,०००	१६,०००	१९,०००	२२,०००	८,०००	५,०७५	**१७८,०७५**	—	२०,०००	**२०,०००**	**१९८,०७५**
६	७८,०००	४२,०००	१८,०००	२१,०००	२४,०००	१०,०००	४,६६३	**१९७,६६३**	—	२०,०००	**२०,०००**	**२१७,६६३**
७	८७,०००	४७,०००	२०,०००	२३,०००	२७,०००	१२,०००	२,९६१	**२१८,९६१**	—	२०,०००	**२०,०००**	**२३८,९६१**
८	९७,०००	५२,०००	२२,०००	२५,०००	३०,०००	१४,०००	२,५९८	**२४२,५९८**	—	२०,०००	**२०,०००**	**२६२,५९८**
९	१०८,०००	५८,०००	२४,०००	२७,०००	३३,०००	१७,०००	३,००२	**२७०,००२**	—	२०,०००	**२०,०००**	**२९०,००२**
१०	११८,०००	६३,०००	२६,०००	३०,०००	३६,०००	२०,०००	६०२	**२९२,६०२**	—	२०,०००	**२०,०००**	**३१२,६०२**

किवी बालीको १० वर्षको लाभ-लागत विवरण

वर्ष	विरुवा (प्रति हे.)	उत्पादन (के.जी./बोट)	उत्पादन (के.जी./हे.)	कुल आम्दानी (रु.)	कुल लागत (रु.)	खुद नाफा (रु.)	B:C Ratio
१	२३२	०	०	०	२,२१७,२५०.१६	-२,२१७,२५०.१६	०
२	२३२	०	०	०	१,०५९,१९६.६६	-१,०५९,१९६.६६	०
३	२३२	५	१,१६०	११६,०००	१६२,८९८.६६	-४६,८९८.६६	०.७१
४	२३२	१०	२,३२०	२३२,०००	१८०,००५.५२	५१,९९४.४८	१.२९
५	२३२	२०	४,६४०	४६४,०००	१९८,०७५.३७	२६५,९२४.६३	२.३४
६	२३२	३०	६,९६०	६९६,०००	२१७,६६२.९१	४७८,३३७.०९	३.२
७	२३२	३५	८,१२०	८१२,०००	२३८,९६१.२०	५७३,०३८.८०	३.४
८	२३२	३८	८,८१६	८८१,६००	२६२,५९८.३२	६१९,००१.६८	३.३६
९	२३२	४०	९,२८०	९२८,०००	२९०,००२.१४	६३७,९९७.८६	३.२
१०	२३२	४०	९,२८०	९२८,०००	३१२,६०२.३५	६१५,३९७.६५	२.९७

६. दोलखा जिल्लाको आलु बालीको मूल्य शृंखला अध्ययन तथा विश्लेषण

दोलखा जिल्लाको १,५०० देखि ३,००० मिटर उचाइसम्मका समशीतोष्ण तथा शीतोष्ण जलवायु भएका क्षेत्रहरू आलुखेतीका लागि अत्यन्त उपयुक्त मानिन्छन्। विशेष गरी जिरी न.पा., बिगु गा.पा., गौरीशंकर गा.पा., कालिन्चोक गा.पा., शैलुङ गा.पा., तामाकोशी गा.पा. र बैतेश्वर गा.पा.मा व्यावसायिक आलु खेती हुँदै आएको छ। रोजिटा जातको आलुलाई मुडेको आलु नामको ब्राण्डले विक्री वितरण गरिन्छ।

आलु दोलखा जिल्लाको खाद्य सुरक्षा, आयआर्जन तथा रोजगारीको महत्वपूर्ण आधार हो। किसानहरूले स्थानीय उपभोगका साथै काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा तथा अन्य शहरी बजारमा आलु बिक्री गरी नगद आम्दानी गर्दै आएका छन्। विभिन्न निकायको सहयोगले आलुको क्षेत्रफल विस्तार भएको छ। यद्यपि गुणस्तरीय बीउ, आधुनिक भण्डारण, प्रशोधन तथा संगठित बजारीकरणको अभावले मूल्य शृंखलाको पूर्ण विकास हुन सकेको छैन।

दोलखा जिल्लाको आलु मूल्य शृंखलाका प्रमुख सरोकारवाला

तह	प्रमुख सरोकारवाला
सामग्री आपूर्ति	बीउ उत्पादक, एग्रोभेट, मल तथा विषादी विक्रेता
उत्पादन	किसान, कृषक समूह, सहकारी
प्राविधिक सेवा	आलु जोन प्राविधिक एकाइ, कृषि विकास कार्यालय, स्थानीय तह
संकलन	स्थानीय व्यापारी, सहकारी, संकलनकर्ता
प्रशोधन	चिप्स, फ्रेन्च फ्राइज तथा अन्य प्रशोधन उद्योग (सीमित)
थोक बजार	कालीमाटी, बनेपा, भक्तपुर, चाबहिल लगायतका बजार
खुद्रा बजार	स्थानीय पसल, सुपरमार्केट, तरकारी पसल
उपभोक्ता	स्थानीय तथा राष्ट्रिय उपभोक्ता



सहयोगी निकाय (सम्पूर्ण शृंखलामा):

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- कृषि ज्ञान केन्द्र, दोलखा
- स्थानीय तह
- नेपाल कृषि अनुसन्धान परिषद् (NARC)
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (लागू भएका क्षेत्रमा)
- बैंक तथा वित्तीय संस्था
- कृषि बीमा कम्पनी
- सहकारी संस्था

दोलखा जिल्लाको आलु मूल्य शृंखला नक्सा (Value Chain Map)

तालिकाः दोलखा जिल्लाको आलु मूल्य शृंखलामा मूल्य अभिवृद्धि (उदाहरण)			
चरण	प्रमुख कार्य	मूल्य (रु./के.जी.)	मूल्य वृद्धि (रु./के.जी.)
किसान	खेतबाट बिक्री (Farm Gate)	३०	—
स्थानीय संकलनकर्ता	संकलन, छान्ने, बोरामा प्याक गर्ने	४०	+१०
थोक व्यापारी	ढुवानी, भण्डारण तथा थोक बिक्री	४८	+८
खुद्रा व्यापारी	खुद्रा बिक्री	५५	+७
अन्तिम उपभोक्ता	खरिद मूल्य	६०—७०	+५

दोलखाको आलुमा देखिएको मूल्य अभिवृद्धि हुने चरणहरू

चरण	मूल्य अभिवृद्धि हुने कार्य
बीउ उत्पादन	गुणस्तरीय बीउको प्रयोग
उत्पादन	आधुनिक खेती प्रविधि
कटानी	सही समयमा कटानी
ग्रेडिङ	आकार अनुसार वर्गीकरण
प्याकेजिङ	जाली बोरा/क्रेट प्रयोग
भण्डारण	चिस्यान भण्डारण
ढुवानी	सुरक्षित ढुवानी
बजार	ब्रान्डिङ र गुणस्तर प्रमाणीकरण

बजार संरचना

दोलखामा उत्पादित आलुको मुख्य बजारहरूः कालीमाटी फलफूल तथा तरकारी बजार, काठमाडौं, भक्तपुर, बनेपा, धुलिखेल, चरिकोट, स्थानीय बजार

दोलखा जिल्लाको आलुको मूल्य शृंखलाको SW OT विश्लेषणः

Strengths (सबल पक्ष)	Weaknesses (दुर्बल पक्ष)
अनुकूल हावापानी	गुणस्तरीय बीउको अभाव
उर्वर माटो	कोल्ड स्टोरको कमी
किसानको अनुभव	उत्पादन लागत उच्च

बजारको राम्रो माग	प्रशोधन उद्योगको अभाव
गुणस्तरीय बीउ आलु उत्पादन	
Opportunities (अवसर)	**Threats (जोखिम)**
बीउ आलु उत्पादन	जलवायु परिवर्तन
प्रशोधन उद्योग (चिप्स लगायत)	रोग—कीरा प्रकोप
निर्यात विस्तार	आयातित आलुसँग प्रतिस्पर्धा
ब्रान्डिङ, भौगोलिक पहिचान	मूल्य अस्थिरता
कृषि पर्यटन	
चिस्यान भण्डारण स्थापना/संचालन	
डिजिटल बजार सूचना प्रणाली	

निष्कर्षः

दोलखा जिल्लामा आलु उच्च सम्भावना भएको नगदे बाली हो। जिल्लाको अनुकूल जलवायु, बजारको उच्च माग तथा किसानको अनुभवले यसको व्यावसायिक विकासको आधार तयार गरेको छ। तर, मूल्य शृंखलाको प्रत्येक चरण'विशेष गरी गुणस्तरीय बीउ उत्पादन, चिस्यान भण्डारण, प्रशोधन, ब्रान्डिङ तथा सामूहिक बजारीकरण'सुदृढ गर्न सके कृषकको आम्दानी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ। सरकारी निकाय, सहकारी, निजी क्षेत्र तथा किसानबीच प्रभावकारी समन्वय स्थापना गरी मूल्य अभिवृद्धिमा केन्द्रित कार्यक्रम सञ्चालन गर्नु दोलखाको आलु मूल्य शृंखला विकासका लागि आवश्यक देखिन्छ।

७. रामेछाप जिल्लाको आलु बालीको मूल्य शृङ्खला अध्ययन तथा विश्लेषण

परिचय

रामेछाप जिल्ला समुद्री सतहदेखि करिब ४०० मिटरदेखि ४,५०० मिटर सम्मको उचाइमा फैलिएको भए पनि आलु उत्पादन मुख्य रूपमा १,५०० देखि ३,००० मिटर उचाइ भएका समशीतोष्ण तथा शीतोष्ण क्षेत्रमा केन्द्रित रहेको छ। विशेष गरी उमाकुण्ड गाउँपालिका, गोकुलगंगा गाउँपालिका, लिखु तामाकोशी गाउँपालिका, दोरम्बा शैलुङ गाउँपालिका, खाँडादेवी गाउँपालिका, सुनापति गाउँपालिका तथा मन्थली नगरपालिकाका उच्च पहाडी क्षेत्रहरू आलु खेतीका लागि उपयुक्त मानिन्छन्। आलु रामेछाप जिल्लाको खाद्य सुरक्षा, आयआर्जन तथा ग्रामीण रोजगारीको महत्वपूर्ण नगदे बाली हो। किसानहरूले स्थानीय उपभोगका साथै काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा, धुलिखेल, सिन्धुली, बर्दिबास तथा अन्य शहरी बजारहरू मा आलु बिक्री गरी नगद आम्दानी गर्दै आएका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र, स्थानीय तह तथा विभिन्न

विकास साझेदार संस्थाहरूको सहयोगले आलु खेतीको क्षेत्रफल र उत्पादन विस्तार हुँदै गएको छ। तथापि, गुणस्तरीय बीउको सीमित उपलब्धता, चिस्यान भण्डारणको अभाव, आधुनिक ग्रेडिङ तथा प्याकेजिङको कमी, प्रशोधन उद्योगको न्यून विकास तथा असंगठित बजारीकरणका कारण मूल्य शृङ्खलाको पूर्ण विकास हुन सकेको छैन।

रामेछाप जिल्लाको आलु मूल्य शृङ्खलाका प्रमुख सरोकारवाला

तह	प्रमुख सरोकारवाला
सामग्री आपूर्ति	बीउ उत्पादक, एग्रोभेट, मल तथा विषादी विक्रेता
उत्पादन	किसान, कृषक समूह, सहकारी
प्राविधिक सेवा	कृषि विकास कार्यालय रामेछाप, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्थानीय तह
संकलन	स्थानीय व्यापारी, सहकारी, संकलनकर्ता
प्रशोधन	चिप्स, फ्रेन्च फ्राइज तथा अन्य प्रशोधन उद्योग (सीमित)
थोक बजार	कालीमाटी, बनेपा, भक्तपुर, धुलिखेल, सिन्धुली
खुद्रा बजार	स्थानीय पसल, सुपरमार्केट तथा तरकारी पसल
उपभोक्ता	स्थानीय तथा राष्ट्रिय उपभोक्ता

मूल्य अभिवृद्धि (Value Addition)

चरण	प्रमुख कार्य	औसत मूल्य (रु./के.जी.)	मूल्य वृद्धि (रु./के.जी.)
किसान	खेतबाट बिक्री (Farm Gate)	३०	—
स्थानीय संकलनकर्ता	संकलन, छान्ने तथा प्याकेजिङ	४०	+१०
थोक व्यापारी	ढुवानी, भण्डारण तथा थोक बिक्री	४५	+५
खुद्रा व्यापारी	खुद्रा बिक्री	५५	१०
अन्तिम उपभोक्ता	खरिद मूल्य	६०—७०	+५—१५

बजार संरचना

रामेछाप जिल्लामा उत्पादन भएको आलु मुख्य रूपमा निम्न बजारहरूमा बिक्री वितरण हुने गरेको छ।

१. बर्दिबास र मधेश प्रदेशका जिल्लाहरु

२. सिन्धुली बजार

३. काठमाडौं उपत्यकाभित्रका बजारहरु

४. मन्थली बजार

५. अन्य स्थानीय बजार

६. होटल, रेष्टुरेन्ट, आदि

रामेछाप जिल्लामा आलु बालीको मूल्य शृंखलाको SWOT विश्लेषण

Strengths (सबल पक्ष)	Weaknesses (दुर्बल पक्ष)
आलु उत्पादनका लागि अनुकूल जलवायु	गुणस्तरीय बीउको अभाव
उर्वर माटो तथा प्रशस्त खेतीयोग्य क्षेत्र	कोल्ड स्टोरेजको कमी
किसानको लामो अनुभव	उत्पादन लागत उच्च
काठमाडौं लगायतका प्रमुख बजारसँग राम्रो पहुँच	प्रशोधन उद्योगको अभाव
बीउ आलु उत्पादनको सम्भावना	साना तथा छरिएका उत्पादन क्षेत्र
तराइको बजारसंग राम्रो पहुँच	आधुनिक ग्रेडिङ तथा प्याकेजिङको कमी
Opportunities (अवसर)	**Threats (जोखिम)**
बीउ आलु उत्पादन विस्तार	जलवायु परिवर्तन
चिप्स तथा फ्रेन्च फ्राइज उद्योग स्थापना	रोग तथा कीराको प्रकोप
ब्रान्डिङ तथा भौगोलिक पहिचान (GI)	आयातित आलुसँग प्रतिस्पर्धा
कृषि पर्यटनसँग जोड्ने सम्भावना	बजार मूल्यमा उतारचढाव
चिस्यान भण्डारण स्थापना	श्रमिक अभाव तथा उत्पादन लागत वृद्धि
डिजिटल बजार सूचना प्रणाली	
राष्ट्रिय तथा सम्भावित अन्तर्राष्ट्रिय बजार विस्तार	

निष्कर्ष

रामेछाप जिल्ला आलु उत्पादनका लागि उच्च सम्भावना भएको जिल्ला हो। जिल्लाको अनुकूल जलवायु, अनुभवी किसान, बढ्दो बजार माग तथा काठमाडौंसँगको सहज पहुँचले व्यावसायिक आलु खेती विस्तारका लागि बलियो आधार प्रदान गरेको छ। तर, गुणस्तरीय बीउ उत्पादन, चिस्यान भण्डारण, ग्रेडिङ तथा प्याकेजिङ, प्रशोधन उद्योग र संगठित बजारीकरणमा सुधार नगरी किसानले उत्पादनको वास्तविक मूल्य प्राप्त गर्न कठिन छ। सरकारी निकाय, स्थानीय तह, सहकारी संस्था, निजी क्षेत्र तथा किसानबीच प्रभावकारी समन्वय र मूल्य अभिवृद्धिमा आधारित कार्यक्रम सञ्चालन गर्न सके कृषकको आम्दानी वृद्धि, रोजगारी सिर्जना तथा रामेछापको आलु क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुग्नेछ।

८. रामेछाप जिल्लामा बाख्रापालनको मूल्यशृंखला अध्ययन तथा विश्लेषण

रामेछाप जिल्ला बाख्रापालनका लागि नेपालको सम्भावनायुक्त जिल्लामध्ये एक हो। जिल्लाको विविध भौगोलिक बनावट, प्रशस्त चरन क्षेत्र, सामुदायिक वन, कृषि उप—उत्पादन तथा ग्रामीण समुदायको परम्परागत बाख्रापालन अनुभवले यस व्यवसायलाई आयआर्जनको महत्वपूर्ण स्रोत बनाएको छ। विशेष गरी खाँडादेवी गाउँपालिका, सुनापति गाउँपालिका तथा मन्थली नगरपालिकाका ग्रामीण क्षेत्रहरूमा व्यावसायिक तथा अर्ध—व्यावसायिक बाख्रापालन हुँदै आएको छ।

रामेछापमा उत्पादित बाख्रा तथा खसी स्थानीय बजारका साथै काठमाडौं उपत्यका, सिन्धुली, काभ्रे तथा अन्य जिल्लामा बिक्री हुने गरेको छ। यद्यपि उन्नत जातको अभाव, गुणस्तरीय प्रजनन सेवा, दाना व्यवस्थापन, रोग नियन्त्रण, प्रशोधन तथा संगठित बजारीकरणमा रहेका चुनौतीका कारण मूल्य शृङ्खलाको पूर्ण विकास हुन सकेको छैन।

बाख्रा मूल्य शृङ्खलाका प्रमुख सरोकारवाला

तह	प्रमुख सरोकारवाला
सामग्री आपूर्ति	उन्नत जातका प्रजनन केन्द्र, दाना उद्योग, पशु औषधि पसल, उपकरण विक्रेता
उत्पादन	किसान, कृषक समूह, सहकारी, निजी फार्म
प्राविधिक सेवा	पशु सेवा कार्यालय, स्थानीय तह, पशु चिकित्सक, प्राविधिक
संकलन	स्थानीय व्यापारी, संकलनकर्ता, सहकारी
ढुवानी	ढुवानी व्यवसायी
थोक बजार	काठमाडौं, सिन्धुली, काभ्रे, चितवन लगायतका पशु बजार
खुद्रा बजार	मासु पसल, होटल, रेष्टुरेन्ट, सुपरमार्केट
उपभोक्ता	स्थानीय तथा राष्ट्रिय उपभोक्ता

मूल्य अभिवृद्धि (Value Addition)

चरण	प्रमुख कार्य	औसत मूल्य (रु./के.जी. जीवित तौल)	मूल्य वृद्धि
किसान	जीवित बाख्रा बिक्री	७००	—
स्थानीय व्यापारी	संकलन, तौल, ढुवानी	७८०	+८०
थोक व्यापारी	बजार व्यवस्थापन	८५०	+७०
खुद्रा मासु व्यवसायी	वध, काट्ने, खुद्रा बिक्री	१,०००—१,२००	+१५०—३५०

मूल्य अभिवृद्धि हुने चरणहरू

चरण	मूल्य अभिवृद्धि हुने कार्य
प्रजनन	उन्नत जात तथा कृत्रिम गर्भाधान
पालन	सन्तुलित दाना, स्वास्थ्य व्यवस्थापन
स्वास्थ्य	नियमित खोप तथा परजीवी नियन्त्रण
संकलन	तौल, वर्गीकरण तथा समूहगत बिक्री
ढुवानी	सुरक्षित ढुवानी
प्रशोधन	स्वच्छ बधशाला, प्याकेजिङ
बजार	ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण, प्रत्यक्ष बिक्री

बजार संरचना

रामेछापमा उत्पादित बाख्रा तथा खसी मुख्य रूपमा निम्न बजारहरूमा बिक्री हुने गरेका छन्।

- मन्थली, सिन्धुली, बर्दिबास, बनेपा
- काठमाडौं (कलंकी, बल्खु, टेकु लगायत)
- होटल, रेष्टुरेन्ट लगयात

SWOT विश्लेषण

Strengths (**सबल पक्ष**)	Weaknesses (**दुर्बल पक्ष**)
• अनुकूल जलवायु तथा चरन क्षेत्र • किसानको परम्परागत अनुभव • बजारमा खसी—बाख्राको उच्च माग • कृषि उप—उत्पादन दानाका रूपमा प्रयोग गर्न सकिने • सहकारी तथा किसान समूहको विस्तार	• उन्नत जातको अभाव • गुणस्तरीय प्रजनन सेवाको कमी • दानाको लागत उच्च • रोग व्यवस्थापन कमजोर • आधुनिक बधशाला तथा प्रशोधनको अभाव • बजार सूचना प्रणाली कमजोर

Opportunities (अवसर)	Threats (जोखिम)
• उन्नत जात प्रवर्द्धन • मासु प्रशोधन उद्योग स्थापना • "रामेछापको खसी" को रुपमा ब्रान्डिङ (हिल गोट/जैविक खसी) • सहकारीमार्फत सामूहिक बिक्री • दशैं, तिहार तथा अन्य चाडपर्वमा उच्च माग	• संक्रामक रोगको प्रकोप (जस्तै PPR) • दानाको मूल्य वृद्धि • जलवायु परिवर्तन • बजार मूल्यमा उतारचढाव • पशु चोरी तथा जैविक सुरक्षा जोखिम

निष्कर्ष

रामेछाप जिल्लामा बाख्रापालन ग्रामीण आयआर्जन, खाद्य सुरक्षा तथा रोजगारी सिर्जनाको महत्वपूर्ण माध्यम हो। अनुकूल प्राकृतिक स्रोत, स्थानीय अनुभव र बजारको उच्च मागका कारण यस क्षेत्रमा ठूलो सम्भावना रहेको छ। तथापि, उन्नत प्रजनन, दाना व्यवस्थापन, पशु स्वास्थ्य सेवा, संगठित बजार, प्रशोधन तथा ब्रान्डिङमा सुधार गर्न सके किसानले उत्पादनको उच्च मूल्य प्राप्त गर्न सक्नेछन्। सरकारी निकाय, स्थानीय तह, सहकारी, निजी क्षेत्र तथा किसानबीच समन्वयात्मक कार्यक्रम सञ्चालन गरी मूल्य अभिवृद्धिमा केन्द्रित रणनीति अपनाए रामेछापको बाख्रा मूल्य शृङ्खलाको दिगो विकास सम्भव हुनेछ।

९. रामेछाप जिल्लामा जुनार (फल तथा जुस) को मूल्य शृङ्खला अध्ययन तथा विश्लेषण

परिचय

रामेछाप जिल्ला नेपालका प्रमुख जुनार उत्पादन क्षेत्रमध्ये एक हो। विशेष गरी **सुनापति गाउँपालिका, खाँडादेवी गाउँपालिका, मन्थली नगरपालिका, दोरम्बा शैलुङ गाउँपालिका तथा लिखु तामाकोशी गाउँपालिकाका तल्लो तथा मध्य पहाडी क्षेत्रहरू** जुनार खेतीका लागि उपयुक्त मानिन्छन्। यहाँ उत्पादित जुनार स्वाद, रसिलोपन तथा गुणस्तरका कारण काठमाडौं उपत्यका तथा अन्य प्रमुख बजारमा लोकप्रिय छ।

रामेछापमा उत्पादन हुने जुनारको ठूलो हिस्सा **ताजा फल (Fresh Fruit)** का रूपमा बिक्री हुने गर्दछ भने केही परिमाणमा **जुस, स्क्वास, जाम, मर्मलेड तथा अन्य प्रशोधित उत्पादन** पनि उत्पादन हुँदै आएका छन्। यसले किसानको आम्दानी बढाउनुका साथै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सहयोग पुर्‍याएको छ। तथापि, प्रशोधन उद्योगको सीमित क्षमता, गुणस्तरीय प्याकेजिङ, चिस्यान भण्डारण, ब्रान्डिङ तथा संगठित बजार व्यवस्थापनमा अझ सुधार आवश्यक देखिन्छ।

प्रमुख सरोकारवाला

तह	प्रमुख सरोकारवाला
सामग्री आपूर्ति	नर्सरी, मल तथा विषादी विक्रेता, कृषि औजार आपूर्तिकर्ता
उत्पादन	जुनार किसान, कृषक समूह, सहकारी
प्राविधिक सेवा	कृषि ज्ञान केन्द्र, स्थानीय तह, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बागवानी प्राविधिक
संकलन	स्थानीय व्यापारी, सहकारी, संकलन केन्द्र
प्रशोधन	जुस, स्क्वास उद्योग
थोक बजार	कालीमाटी, भक्तपुर, बनेपा, पोखरा लगायतका बजार
खुद्रा बजार	फलफूल पसल, सुपरमार्केट, होटल तथा रेष्टुरेन्ट
उपभोक्ता	स्थानीय तथा राष्ट्रिय उपभोक्ता



रामेछापमा जुनार विक्री/वितरण

४. मूल्य अभिवृद्धि (उदाहरण)

(क) ताजा जुनार

चरण	औसत मूल्य (रु./के.जी.)
किसान (Farm Gate)	५०
संकलन केन्द्र	६०
थोक व्यापारी	८०
खुद्रा व्यापारी	१००
उपभोक्ता	१२०—१६०

ख) जुनार जुस

चरण	मूल्य अभिवृद्धि (रु./प्रति के.जी.)
किसानबाट फल खरिद	रु. ४०/के.जी.
प्रशोधन	जुस उत्पादन, फिल्टरिङ, पास्चराइजेसन
प्याकेजिङ	बोतल, लेबल, ब्राण्डिङ
खुद्रा बिक्री	प्रशोधित उत्पादनको उच्च मूल्यमा बिक्री

मूल्य अभिवृद्धि हुने प्रमुख चरणहरू

चरण	मूल्य अभिवृद्धि हुने कार्य
उत्पादन	GAP अनुसार खेती, गुणस्तरीय फल उत्पादन
ग्रेडिङ	आकार तथा गुणस्तर अनुसार वर्गीकरण
प्याकेजिङ	आकर्षक कार्टुन, क्रेट तथा लेबलिङ
भण्डारण	चिस्यान भण्डारण
प्रशोधन	जुस, स्क्वास, जाम, मर्मलेड, क्यान्डी
ब्राण्डिङ	"रामेछाप जुनार" ब्राण्ड विकास
बजार	सुपरमार्केट, होटल, अनलाइन बजार

बजार संरचना

रामेछापमा उत्पादन भएको जुनार मुख्य रूपमा निम्न बजारहरूमा बिक्री हुने गरेको छ। कालीमाटी फलफूल बजार, काठमाडौं उपत्यका भित्रका बजारहरु, स्थानीय बजार, खुर्कोट, होटल तथा रेष्टुरेन्ट

निष्कर्षः

रामेछाप जिल्लाको जुनार मूल्य शृंखला प्राकृतिक स्रोत, अनुकूल हावापानी, गुणस्तरीय उत्पादन तथा स्थापित बजारका कारण उच्च सम्भावना बोकेको मूल्य शृंखला हो। जिल्लामा उत्पादन हुने जुनार स्वाद, रङ, गुणस्तर तथा बजारमा स्थापित पहिचानका कारण उपभोक्तामाझ लोकप्रिय रहेको छ। यद्यपि, सिँचाइको अपर्याप्तता, बगैंचा

ह्रास, रोग तथा कीराको प्रकोप, गुणस्तरीय बिरुवाको अभाव, आधुनिक बगैंचा व्यवस्थापनको कमी, ग्रेडिङ, प्याकेजिङ, भण्डारण तथा प्रशोधन पूर्वाधारको न्यूनता जस्ता समस्याहरूले मूल्य शृंखलाको प्रभावकारितामा असर पुर्‍याइरहेका छन्। यस मूल्य शृंखलालाई अझ सुदृढ बनाउन गुणस्तरीय उत्पादन, आधुनिक बगैंचा व्यवस्थापन, सिँचाइ विस्तार, रोग—कीरा व्यवस्थापन, संकलन केन्द्र, कोल्ड स्टोर, ग्रेडिङ तथा प्याकेजिङ सुविधा, प्रशोधन उद्योग, ब्रान्डिङ, बजार सूचना प्रणाली तथा सहकारीमार्फत सामूहिक बजारीकरणलाई प्राथमिकता दिन आवश्यक छ। साथै, स्थानीय, प्रदेश तथा संघीय सरकार, निजी क्षेत्र, सहकारी संस्था र कृषकबीच प्रभावकारी समन्वय कायम गर्न सके रामेछापको जुनारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा थप प्रतिस्पर्धी बनाउँदै कृषकको आय वृद्धि र दिगो कृषि विकासमा उल्लेखनीय योगदान पुर्‍याउन सकिने देखिन्छ।

रामेछापमा जुनारको मूल्यशृंखलाको SWOT विश्लेषण

Strengths (सबल पक्ष)	Weaknesses (दुर्बल पक्ष)
• रामेछापको जुनार स्वाद, गुणस्तर र राष्ट्रिय पहिचानका कारण उच्च माग भएको उत्पादन।	• सिँचाइको अभाव र वर्षामा निर्भर उत्पादन।
• उपयुक्त हावापानी तथा भौगोलिक अवस्था।	• रोग तथा कीराको प्रकोप र बगैंचा ह्रास (Orchard Decline)।
• कृषकसँग लामो समयदेखि जुनार खेतीको अनुभव।	• प्रशोधन तथा भण्डारण पूर्वाधारको कमी।
• राम्रो बजार पहुँच (काठमाडौं, पोखरा लगायत)।	• ग्रेडिङ, प्याकेजिङ र ब्रान्डिङको अभाव।
• उच्च आर्थिक प्रतिफल दिने नगदे बाली।	• किसानको बजार सूचना र प्राविधिक ज्ञान सीमित।
• संघ, प्रदेश र स्थानीय तहबाट विभिन्न सहयोग कार्यक्रम सञ्चालन।	• बजारमा बिचौलियाको प्रभाव बढी, किसानको मोलतोल क्षमता कमजोर
Opportunities (अवसर)	**Threats (खतरा)**
• प्रशोधित उत्पादन (जुस, जाम, मर्मलेड, क्यान्डी आदि) उत्पादनको सम्भावना।	• जलवायु परिवर्तनका कारण अनियमित वर्षा, असिना र खडेरी।
• GI Tag तथा "रामेछाप जुनार" ब्रान्ड विकासको सम्भावना।	• रोग तथा कीराको नयाँ प्रकोप फैलिने जोखिम।
• कृषि पर्यटन (Agro-tourism) तथा जुनार महोत्सवको विकास।	• अन्य जिल्ला तथा आयातित फलसँग प्रतिस्पर्धा।
• निर्यात तथा सुपरमार्केट चेनसँग प्रत्यक्ष बजार विस्तार।	• उत्पादन लागत बढ्दै जानु र श्रमिक अभाव।
• कोल्ड स्टोर, संकलन केन्द्र र प्रशोधन उद्योग स्थापना।	• बजार मूल्यमा उतारचढाव।
• सहकारीमार्फत सामूहिक बजारीकरण र डिजिटल बजार प्रणाली।	• युवा जनशक्ति वैदेशिक रोजगारीतर्फ पलायन हुँदा बगैंचा व्यवस्थापन प्रभावित हुनु।

अनुसूची — १

दोलखा जिल्लाको मूल्य शृंखला अध्ययन/विश्लेषणको मुख्य तत्वहरुको प्रस्तुतिकरण



माथिका पाईचार्टहरु मूल्य शृंखला अध्ययनको क्रममा लिएका विभिन्न प्रश्नोत्तरको क्रममा लिएको मुख्य मुख्य डाटालाई पाईचार्टको रुपमा प्रस्तुत गरिएको छ।

अनुसूची- २
रामेछाप जिल्लाको जुनार बालीको मूल्य शृंखला अध्ययन प्रस्तुतिकरण

















माथिका पाईचार्टहरु मूल्य शृंखला अध्ययनको क्रममा लिएका विभिन्न प्रश्नोत्तरको क्रममा लिएको मुख्य मुख्य डाटालाई पाईचार्टको रुपमा प्रस्तुत गरिएको छ।

अनुसूची-३
किवी बालीको मूल्य शृंखला अध्ययनको मुख्य तत्वहरुको प्रस्तुतीकरण



किवीको फार्मगेट मुल्य (रु. प्रति केजी)



किवी गुणस्तरको लागि मुख्य क्रियाकलापको भूमिका



किवी बगैंचाको आकार (उत्पादनशील बोट संख्या)



किवीको मुल्य शृंखलामा मुख्य समस्या



किसानले कसलाई फल बेच्छन?



किवीको मुख्य बजार



किवीको मुख्य बजार



किवी कृषकहरुको उमेर समुह (वर्ष)

माथिका पाईचार्टहरु मूल्य शृंखला अध्ययनको क्रममा लिएका विभिन्न प्रश्नोत्तरको क्रममा लिएको मुख्य मुख्य डाटालाई पाईचार्टको रुपमा प्रस्तुत गरिएको छ।

अनुसूची — ४
बाखाको मूल्यशृंखला अध्ययनको मुख्य तत्वहरुको प्रस्तुतिकरण













माथिका पाईचार्टहरु मूल्य शृंखला अध्ययनको क्रममा लिएका विभिन्न प्रश्नोत्तरको क्रममा लिएको मुख्य मुख्य डाटालाई पाईचार्टको रुपमा प्रस्तुत गरिएको छ।

अनुसूची-५

मूल्यशृंखला अध्ययन/विश्लेषणलको अध्ययन गर्दा प्रयोग भएको नमुना प्रश्नोत्तरआलु बालीको मूल्य शृङ्खला अध्ययनका लागि प्रश्नावली (Questionnaire)

A. आधारभूत विवरण

१. उत्तरदाताको नामः

२. उमेरः

३. लिङ्गः पुरुष/ महिला/ अन्य

४. शिक्षाः

५. पालिकाः

६. वडा नं.:

७. गाउँ/टोलः

८. सम्पर्क नं.:

९. पेशाः

१०. कृषक समूह/सहकारीको सदस्य हुनुहुन्छ? हो/होइन

B. खेती सम्बन्धी विवरण

११. आलु खेती गरेको अनुभवः _____ वर्ष

१२. यस वर्ष आलु खेती गरेको क्षेत्रफलः _____ रोपनी / हेक्टर

१३. प्रयोग गरिएको जातः ______________________________

१४. बीउको स्रोतः

☐ आफ्नै, स्थानीय किसान सहकारी एग्रोभेट सरकारी निकाय अन्य __________

१५. बीउको गुणस्तरप्रति सन्तुष्टिः

☐ धेरै राम्रो राम्रो सामान्य कमजोर

१६. प्रति रोपनी उत्पादनः _____ के.जी.

१७. कुल उत्पादनः _____ के.जी.

१८. उत्पादन लागत (रु.)

- बीउ __________
- मल __________
- विषादी __________

- श्रम __________
- ढुवानी __________
- अन्य __________

१९. उत्पादनमा मुख्य समस्याः ____________________________________

C. कटानीपछिको व्यवस्थापन

२०. उत्पादन कहाँ राख्नुहुन्छ? घर गोदाम चिस्यान भण्डार अन्य

२१. ग्रेडिङ गर्नुहुन्छ? हो होइन

२२. प्याकेजिङ कसरी गर्नुहुन्छ?

☐ जाली बोर प्लास्टिक बोरा क्रेट अन्य

२३. भण्डारण गर्दा कति प्रतिशत क्षति हुन्छ? _____ %

D. बजार तथा बिक्री

२४. आलु कसलाई बिक्री गर्नुहुन्छ?उपभोक्ता

☐ स्थानीय व्यापारी सहकारी संकलनकर्ता थोक व्यापारी

२५. बिक्री मूल्यः _____ रु./के.जी.

२६. बजारसम्मको दूरीः _____ कि.मी.

२७. ढुवानी साधनः _________________

२८. बजार जानकारी कहाँबाट पाउनुहुन्छ?

☐ व्यापारी मोबाइल रेडियो सहकारी कृषि कार्यालय अन्य

२९. मूल्य कसले निर्धारण गर्छ? किसान व्यापारी सहकारी बजार

३०. समयमै भुक्तानी हुन्छ?

☐ सधैं कहिलेकाही हुँदैन

E. मूल्य अभिवृद्धि

३१. ग्रेडिङ गर्नुहुन्छ? हो होइन

३२. ब्रान्डिङ गर्नुहुन्छ? हो होइन

३३. प्रशोधन गर्नुहुन्छ? हो होइन

३४. कुन प्रकारको प्रशोधन? ____________________

३५. मूल्य अभिवृद्धिबाट आम्दानी बढेको छ?

☐ धेरै केही छैन

F. संस्थागत सहयोग

३६. तालिम पाउनुभएको छ? हो होइन

३७. कुन निकायबाट? ____________________

३८. प्राविधिक सेवा पर्याप्त छ हो छैन

३९. सरकारी अनुदान प्राप्त गर्नुभएको छ? हो होइन

४०. प्राप्त सहयोगः ____________________

G. मूल्य शृङ्खला सम्बन्धी धारणा

४१. आलु उत्पादनको सबैभन्दा ठूलो समस्या के हो? ________________________________

४२. बजारको सबैभन्दा ठूलो समस्या के हो? ________________________________

४३. किसानको नाफा बढाउन के गर्नुपर्छ? ________________________________

४४. कोल्ड स्टोरेज आवश्यक छ? हो होइन

४५. प्रशोधन उद्योग आवश्यक छ? हो होइन

४६. सहकारीमार्फत बिक्री गर्न इच्छुक हुनुहुन्छ? हो होइन

४७. "स्थानीय ब्रान्ड" विकास आवश्यक छ? हो होइन

४८. डिजिटल बजार सूचना प्रणाली आवश्यक छ? हो होइन

H. सुझाव

४९. आलुको मूल्य शृङ्खला सुधारका लागि तपाईंका प्रमुख सुझावहरूः

- सर्वेक्षकको नामः
- सर्वेक्षण मितिः

आलु बालीको मूल्य शृङ्खला अध्ययनका लागि प्रश्नावली (Questionnaire)

A. आधारभूत विवरण

१. उत्तरदाताको नामः

२. उमेरः

३. लिङ्गः पुरुष/ महिला/ अन्य

४. शिक्षाः

५. पालिकाः

६. वडा नं.ः

७. गाउँ/टोलः

८. सम्पर्क नं.ः

९. पेशाः

१०. कृषक समूह/सहकारीको सदस्य हुनुहुन्छ? हो/होइन

B. खेती सम्बन्धी विवरण

११. आलु खेती गरेको अनुभवः ______ वर्ष

१२. यस वर्ष आलु खेती गरेको क्षेत्रफलः ______ रोपनी / हेक्टर

१३. प्रयोग गरिएको जातः ____________________________________

१४. बीउको स्रोतः

☐ आफ्नै, स्थानीय किसान सहकारी एग्रोभेट सरकारी निकाय अन्य ___________

१५. बीउको गुणस्तरप्रति सन्तुष्टिः

☐ धेरै राम्रो राम्रो सामान्य कमजोर

१६. प्रति रोपनी उत्पादनः ______ के.जी.

१७. कुल उत्पादनः ______ के.जी.

१८. उत्पादन लागत (रु.)

- बीउ ___________
- मल ___________
- विषादी ___________
- श्रम ___________

- ढुवानी ___________
- अन्य ___________

१९. उत्पादनमा मुख्य समस्याः ____

C. कटानीपछिको व्यवस्थापन

२०. उत्पादन कहाँ राख्नुहुन्छ? घर गोदाम चिस्यान भण्डार अन्य

२१. ग्रेडिङ गर्नुहुन्छ? हो होइन

२२. प्याकेजिङ कसरी गर्नुहुन्छ?

☐ जाली बोर प्लास्टिक बोरा क्रेट अन्य

२३. भण्डारण गर्दा कति प्रतिशत क्षति हुन्छ? _____ %

D. बजार तथा बिक्री

२४. आलु कसलाई बिक्री गर्नुहुन्छ?उपभोक्ता

☐ स्थानीय व्यापारी सहकारी संकलनकर्ता थोक व्यापारी

२५. बिक्री मूल्यः _____ रु./के.जी.

२६. बजारसम्मको दूरीः _____ कि.मी.

२७. ढुवानी साधनः ___________________

२८. बजार जानकारी कहाँबाट पाउनुहुन्छ?

☐ व्यापारी मोबाइल रेडियो सहकारी कृषि कार्यालय अन्य

२९. मूल्य कसले निर्धारण गर्छ? किसान व्यापारी सहकारी बजार

३०. समयमै भुक्तानी हुन्छ?

☐ सधैं कहिलेकाही हुँदैन

E. मूल्य अभिवृद्धि

३१. ग्रेडिङ गर्नुहुन्छ? हो होइन

३२. ब्रान्डिङ गर्नुहुन्छ?

☐ हो होइन

३३. प्रशोधन गर्नुहुन्छ?

☐ हो होइन

३४. कुन प्रकारको प्रशोधन? ______________________

३५. मूल्य अभिवृद्धिबाट आम्दानी बढेको छ?

☐ धेरै केही छैन

F. संस्थागत सहयोग

३६. तालिम पाउनुभएको छ?

☐ हो होइन

३७. कुन निकायबाट? ____________________

३८. प्राविधिक सेवा पर्याप्त छ?

☐ हो छैन

३९. सरकारी अनुदान प्राप्त गर्नुभएको छ?

☐ हो होइन

४०. प्राप्त सहयोगः ____________________

G. मूल्य शृङ्खला सम्बन्धी धारणा

४१. आलु उत्पादनको सबैभन्दा ठूलो समस्या के हो? ________________________________

४२. बजारको सबैभन्दा ठूलो समस्या के हो? ________________________________

४३. किसानको नाफा बढाउन के गर्नुपर्छ? ________________________________

४४. कोल्ड स्टोरेज आवश्यक छ?

☐ हो होइन

४५. प्रशोधन उद्योग आवश्यक छ?

☐ हो होइन

४६. सहकारीमार्फत बिक्री गर्न इच्छुक हुनुहुन्छ?

☐ हो होइन

४७. "स्थानीय ब्रान्ड" विकास आवश्यक छ?

☐ हो होइन

४८. डिजिटल बजार सूचना प्रणाली आवश्यक छ? हो/ होइन

H. सुझाव

४९. आलुको मूल्य शृङ्खला सुधारका लागि तपाईंका प्रमुख सुझावहरूः

- सर्वेक्षकको नामः
- सर्वेक्षण मितिः
- स्थान;

सन्दर्भ सामाग्रीहरु

१. वार्षिक प्रगति पुस्तिका २०८१/८२, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रामेछाप

२. लाभ लागत अध्ययन विश्लेषण — २०७९/८०, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रामेछाप

3. Statistical Information on Nepalese Agriculture २०८०/८१, Ministry of Livestock and Development, Singhadurbar

४. किवी फल प्राविधिक पुस्तिका २०७८.७९. प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ दोलखा

५. मूल्य शृंखला विकास तालिम पुस्तिका २०७७, जैविक विविधत , अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड), पोखरा

६. विभिन्न पत्र पत्रिका, तथा अनलाइन वेबसाइटहरु

जुनार बालीको मूल्य शृंखला संग सम्बन्धित तस्बिरहरु

विक्रीको लागि टिपिएको फल

जुनारको बोक्रा छोडाउने कार्य

जुनारको जुस

चिस्यान प्रविधिमा आधारित भण्डारण

जुनार बगैंचा

जुनार विक्री वितरण

किवीको मूल्यशृंखलासंग सम्बन्धित तस्बिरहरु

किवी बगैंचा

किवीका विभिन्न जातहरु

किवी प्याकेजिंगको लागि कार्टुन तथा पि.पी. बक्स

कालिमाटी कृषि बजारमा आलु र दोलखा आलुको ब्रान्डीङ प्रयास

व्यावसायिक बाख्रा पालन

विभिन्न जातका बाख्रा बोका वितरण